**लेना सुन्ध**

**संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयल, नेपालकी प्रतिनिधि**

**"नेपालको नयाँ संविधान र अल्पसङ्ख्यकहरूका अधिकार (यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचान): दक्षिण अफ्रिकाको अनुभव"सम्बन्धी नील हिरा समाजको प्रवचन कार्यक्रममा दिइने सम्बोधन**

**२०६३ पुष २५**

विशिष्ट अतिथि, नील हिरा समाजका सदस्य तथा मित्रहरू,

नेपालको नयाँ संविधान तथा अल्पसङ्ख्यक समुदायका अधिकारबारे, यहाँ चाहिं यौन अभिमुखीकरण र लैङ्गिक पहिचानका सम्बन्धमा महत्वपूर्ण सम्वादबार, आज यहाँ तपाईंहरूबीच भएकोमा गौरवान्तित छु । म नील हिरा समाजलाई तपाईंहरूको महत्वपूर्ण पहलका लागि बधाई दिन्छु, जुन गतवर्षको जनआन्दोलनपछि मईमा भएको तपाईंहरूको पहिलो सम्वादको धेरै रचनात्मक अर्को पहल हो ।

नेपालमा शान्ति प्रक्रिया यसले ११ वर्षे हिंसात्मक द्वन्द्वको अन्त्य, जुन आफैंमा एउटा ऐतिहासिक उपलब्धि हो, गरेकाले मात्र नभएर अझ उन्नत तथा समतामूलक समाज जहाँ दशौं लाख मानिसले यो समाजको समान सदस्यको रूपमा अन्ततः आफ्ना अधिकारहरूको दावी गर्न सक्छन् तिनका आशाहरूलाई पनि यसले सँगै लैजाने हुनाले पनि महत्वपूर्ण छ । यी आशाहरू पूरा गरिएमा दिगो शान्तिको जग, मानवअधिकारको भावी संरक्षण तथा विकास र उन्नतीका लागि क्षमता निकै मजबुत पारिनेछ । महिला समलिङ्गी, पुरुष समलिङ्गी, द्विलिङ्गी तथा मेटीहरूका आवाज गहिरो जरा गाडेर रहेका मान्यता, पूर्वाग्रह र भेदभाव जसले प्रायः चरम सामाजिक बहिष्करण निम्त्याएको छ तीमध्ये प्रायः सबैभन्दा सीमान्तकृत भएकामध्ये पर्दछन् । नेपालमा धेरै एलजीबीटी पनि लामो समयदेखि भेदभाव सहेर बसेका मधेसी, आदिवासी जनजाति, दलित वा अपाङ्ग व्यक्तिहरूजस्ता समूहहरूबाट आएका छन् - तिनले दोहोरो र कहिलेकाहीँ धेरैं भेदभाव सहनु पर्दछ ।

उच्चायुक्तको कार्यालय, नेपालका लागि शान्ति प्रक्रियामा एउटा महत्वपूर्ण प्राथमिकता लामो समयदेखिका भेदभाव तथा एलजीबीटीहरूका विरुद्ध सामाजिक बहिष्करणका मुद्दाहरूको अनुगमन र परिवर्तनका लागि वकालत गर्नु हो । उच्चायुक्तको कार्यालय, नेपालले आफ्नै अनुगमन र नील हिरा समाज तथा अन्य गैससहरूसँग मिलेर कार्य गर्दा नेपालमा एलजीबीटीहरूका विरुद्धको भेदभावले तिनलाई दुर्व्यवहार तथा मानवअधिकार उल्लङ्घनका लागि जोखिम बनाएको देखेको छ - जस्तै, पक्राउ र थुना, कुटपिट र यौन हिंसा ।

संविधान निर्माण प्रक्रियालगायत शान्ति प्रक्रियाले समानता, सम्मान र आफ्ना सबै मानिसको समावेशीमा निर्मित राज्यका लागि नेपालले नयाँ जगको सिर्जना गरोस् भन्ने सुनिश्चित गर्न एउटा अवसर दिएको छ ।

अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको आधारभूत प्रस्थानविन्दु निश्चय नै मानवअधिकारको विश्वव्यापी घोषणापत्र हो । घोषणापत्रको भूमिकाले "मानव परिवारका सबै सदस्यका अन्तर्निहित प्रतिष्ठा र ... समान तथा नैसर्गिक अधिकारहरू"मा जोड दिन्छ । धारा एकले "सबै व्यक्ति जन्मजात स्वतन्त्र तथा प्रतिष्ठा र अधिकारमा समान भएर जन्मन्छन्" भनी उल्लेख गरेको छ; र धारा दुईले "जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, जन्म वा अन्य हैसियतजस्ता कुनै पनि किसिमको भेदभाव नगरी प्रत्येक व्यक्तिलाई यो घोषणापत्रमा विस्तृत रूपले उल्लेखित अधिकार र स्वतन्त्रताको अधिकार हुनेछ" भनी उल्लेख गरेको छ । यो धारामा उल्लेख गरिएको "लिङ्ग"ले, र यसलाई नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिका गैर-भेदभावसम्बन्धी दफाहरूमा उल्लेख गरिए जसरी,, यौन अभिमुखीकरणलाई समेट्छ भनी संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार समितिले मान्यता दिएको छ ।

संयुक्त राष्ट्रसङ्घका मानवअधिकारसम्बन्धी संयन्त्रहरूले यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचानमा आधारित मुद्दालाई विभिन्न तरिकाले सम्बोधन गरेका छन् । कुनै पनि यस्तो एउटा मात्र महासन्धि वा वक्तव्य छैन जसले यौन तथा लैङ्गिक अल्पसङ्ख्यकहरूका अधिकार समेटेको होस्, तर मानवअधिकार समिति र मानवअधिकार परिषद्का विशेष कार्यविधिजस्ता संयन्त्र तथा कार्यविधिहरूले यौन तथा लैङ्गिक अल्पसङ्ख्यकका व्यक्तिहरूविरुद्ध हुने मानवअधिकार उल्लङ्घनहरूप्रति आ-आफ्ना कार्यादेशभित्र रहेर ध्यान दिएका छन् ।

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार संयन्त्रहरूले गरेका विचार तथा निर्णयहरूबाट दुईवटा प्रमुख कुरा स्पष्ट छन् : महिला समलिङ्गी, पुरुष समलिङ्गी, द्विलिङ्गी र *मेटी*लाई गैर-भेदभावको अधिकार छ र तिनलाई कानुनका अगाडि समानताको अधिकार छ ।

नेपालमा संविधान निर्माण तथा कानुनका अगाडि सबै नेपालीका, यौन तथा लैङ्गिक अल्पसङ्ख्यकलगायतका, अधिकारहरू सुनिश्चित गर्नेबारे छलफलका लागि यो एउटा राम्रो प्रस्थान बिन्दु हो ।

संविधानले मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा स्थापित अन्तर्राष्ट्रिय मापदण्डहरूसँग मेल खाने भेदभावविरोधी सामान्य प्रावधानहरूलाई राख्नुपर्दछ र धेरैले राख्छन् । नेपालको राष्ट्रिय कानुनी खाका, एवं यसका अन्तर्राष्ट्रिय कानुनी दायित्वहरू, ले यौन अल्पसङ्ख्यकहरूको संरक्षणलाई सम्बोधन गर्न राम्रो आधार प्रदान गर्दछ । मङ्सिर ५ गतेको विस्तृत शान्ति सम्झौताका प्रावधानहरूसँग मेल खाने अन्तरिम संविधानले दबित र उपेक्षित अल्पसङ्ख्यकहरूसँग सम्बन्धित भेदभाव उन्मूलन गर्ने तथा समस्याहरूको सम्बोधन गर्न विस्तृत रूपले खाका तयार गर्दछ । अन्तरिम संविधानमा "लिङ्ग"को आधारमा हुने भेदभावलाई विशेषतः अवैध गरिएको छ ।

न्यायाधीश एडविन क्यामरूनका कुरा सुन्न पाउनु तथा दक्षिण अफ्रिकामा संविधान निर्माणबारेका अनुभवहरूबारे अझ बढी थाहा पाउनु गौरवको कुरा हो । म स्वयम्ले अफ्रिकामा धेरै वर्षसम्म काम गरेकी छु र मैले दक्षिण अफ्रिकामा रङ्गभेदको अन्त्य भएपछिको संविधानसम्बन्धी कार्यलाई अत्यन्त नजिकबाट अध्ययन गरें । अरू धेरै मानिसजस्तै म पनि दक्षिण अफ्रिकाली जनताले रङ्गभेदको विकासकारी अन्याय तथा यसले गर्दा भएको द्वन्द्वबाट एउटा न्यायपूर्ण समाज निर्माण गर्न गरेको सङ्घर्षका प्रयासहरूबाट प्रेरित भएकी छु । रङ्गभेद युगको अन्त्यपछि हालैको सहभागितामूलक संविधान निर्माणको एक अत्युत्तम प्रक्रियामार्फत् विकास गरिएको दक्षिण अफ्रिकाको संविधान यौन अभिमुखीकरणको सम्बन्धमा संवैधानिक संरक्षणको विशिष्ट उदाहरण हो । दक्षिण अफ्रिकी संविधानको "समानता" खण्डको दोस्रो परिच्छेदमा भएको "अधिकारपत्र"मा, संविधानले उल्लेख गर्दछ :

"राज्यले प्रत्यक्ष वा परोक्ष रूपले कसैका विरुद्ध पनि जाति, लिङ्ग, यौन, गर्भावस्था, वैवाहिक स्थिति, जातीय वा सामाजिक उत्पत्ति, वर्ण, यौन अभिमूखीकरण, उमेर, अपाङ्गता, धर्म, अन्तस्करण, विश्वास, संस्कृति, भाषा र जन्मलगायत एक वा सोभन्दा बढी आधारमा अनुचित तरिकाले भेदभाव गर्नेछैन ।"

म नेपाली वकिल, न्यायाधीश, राजनीतिक तथा मानवअधिकार पात्रहरूलाई दक्षिण अफ्रिकी अनुभवबाट सिक्न अवसर जुटाउन गरेको यो प्रयासका लागि नील हिरा समाजलाई बधाई दिन्छु । एलजीबीटीहरूको समानतालाई मान्यता दिने धारणाले धेरै राज्यलाई चुनौती दिएकोमा विवाद छैन । यो प्रवचन कार्यक्रमजस्ता प्रयासहरू, जहाँ नयाँ विचारहरूको आदानप्रदान र तीमाथि छलफल गर्न सकिन्छ, यो चुनौतीलाई पूरा गर्ने प्रक्रियाको अत्यावश्यक अङ्ग हुन । आफ्नो संविधानमा सबैभन्दा समावेशी अर्थमा समानताको व्यवस्था गर्न जोड गर्ने दक्षिण अफ्रिकीहरूको साहसले विश्वभरका मानिसलाई प्रेरित गऱ्यो । त्यसरी नै, एउटा नयाँ, समावेशी राज्य र समाजको जग निर्माण गर्नमा संसारलाई नेतृत्व प्रदर्शन गर्न नेपाललाई अवसर छ । विस्तृत शान्ति सम्झौतामा भएका सरकार र नेकपा-माओवादीका प्रतिवद्धताहरू तथा अन्तरिम संविधानले निश्चय नै एलजीबीटीहरूका मानवअधिकारको संरक्षणको वकालत गर्नेलगायतका मानवअधिकार सक्रियतावादीहरूलाई नयाँ संविधानमा भेदभावविरुद्धको पूर्ण संरक्षणका लागि अभियान चलाउने अवसर दिन्छ ।

कानुन, र खासगरी संविधानअन्तर्गत, संरक्षण सुरक्षित गर्ने कार्य नेपालमा एलजीबीटीहरूको मानवअधिकार प्रत्याभूत गर्नमा आधारभूत कदम हो । तर, निश्चय नै, यस्ता प्रत्याभूतिहरू कागजमा प्राप्त गरिए तापनि तिनलाई यथार्थमा परिणत गर्न गर्नुपर्ने कार्य धेरै हुनेछ । यो प्रवचन कार्यक्रममा भाग लिने नागरिक समाज, वकिल र न्यायाधीशहरू तथा राजनीतिक दलहरूको व्यापक प्रतिनिधित्व सामाजिक शिक्षा तथा चेतना जागरण र राजकीय संस्थाहरूमा तालिमका लागि कार्य गर्न एउटा अत्यावश्यक गठबन्धन रहिरहनेछ । गैर-भेदभावप्रतिको प्रतिवद्धता कानुनमा हुन र यसलाई अधिकारीहरूद्वारा लागू गरिन आवश्यक छ; समुदाय, परिवारहरू र हामी प्रत्येकले व्यक्तिगत रूपमा पनि हामी कसैविरुद्ध भेदभाव गर्दैनौं भन्ने हाम्रो दैनिक जीवनमा सुनिश्चित गर्नुपर्दछ ।

अन्त्यमा, म फेरि पनि नील हिरा समाजलाई यो पहलका लागि बधाई दिन चाहान्छु । उच्चायुक्तको कार्यालय, नेपाल तपाईंहरू र यो कार्यक्रममा भाग लिइरहनुभएका नागरिक समाजका हाम्रा सबै साझेदारसँग नेपालमा सबै स्वरूपका भेदभावको अन्त्य गर्न मिलेर काम गर्न प्रतिवद्ध छ ।

धन्यवाद ।